"सुसंस्कृत, संस्थागत र समृद्ध साकेला".

# साकेला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ, खोटाङ

## मौरीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्वन्धि सूचना!!!

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०४

यस साकेला गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत प्रदेश शसर्त कार्यक्रम अनुसार वडा नं. ५ मा कृषि विकास तथा पशु सेवा शाखाबाट संचालन गरिने **मौरीपालन प्रवर्द्धन** कार्यक्रमको लागि आधुनिक **मौरी घार, मौरी गोला, मह उत्पादन, मह प्रशोधन/प्याकेजिङ र बजारीकरण सम्वद्ध यन्त्र उपकरण खरिद, मौरी चरणको क्षेत्र विस्तार तथा मौरी उपकरण वितरण** कार्यक्रम रहेको हुँदा मौरीपालन व्यवसाय सम्वन्धि उद्देश्य राखी दर्ता भएका किसान/किसान समूह/किसान सहकारी/ निजी उद्यमी/एकल महिला/दलित/ विपन्न वर्ग/ यूवाहरुले तपशिल बमोजिमको मापदण्ड अनुसार आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/०१/१९) कार्यालय समय भित्र कृषि विकास तथा पशु सेवा शाखामा तपशिल बमोजिमको कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम | सङ्ख्या | कुल बजेट (रु.) | गाउँपालिकाको बजेट रु. | २५% लागत साझेदारीमा **हुन आउने** रकम (रु.) | प्रस्तावना पेश गर्ने साझेदारहरू |
|---|---|---|---|---|---|---|
| १. | मौरीपालन प्रवर्धन कार्यक्रम | १(एक) | १३,३३,३३३.३३/- | १०,००,०००/- | ३,३३,३३३.३३/- | किसान, किसान समूह/सहकारी/व्यवसायिक किसान/निजी उद्यमी/एकल महिला/दलित/विपन्न वर्ग |

आवश्यक कागजातहरु:

१. निवेदन,

२. कार्ययोजना सहितको प्रस्ताव, वडा कार्यलयको सिफारिस, प्रत्येक किसानहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

३. कम्तिमा ५ वर्ष मौरीपालन गर्ने र बालीमा रसायनिक बिषादी प्रयोग नगर्ने प्रतिवद्धता पत्र,

४. निजी उद्यमि/समूह/व्यवसायिक किसान/सहकारीको दर्ता/नवीकरण भएको प्रमाणपत्र र निर्णयको प्रतिलिपि,

५. कार्यक्रम संचालन गरिने स्थानको जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा भए करार पत्र कम्तिमा (१० बर्ष),

६. छिमेकी सदियार भए (पूर्व, पश्चिम, उत्तर र दक्षिण)को सहमती सर्जमिन मुचुल्का,

७. फर्म/समूह/सहकारीको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्र र प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

८. एकल महिला/दलित/विपन्न वर्ग यूवाहरुको हकमा परिचय खुल्ने प्रमाण पत्र,

९. मौरीपालन व्यवसाय गर्दै आएको समूह/सहकारी/निजी उद्यमीहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

नोटः म्याद नाघि आएका र रित नपुगेका आवेदन उपर कुनै कारबाही गरिने छैन,

**(थप जानकारीको लागि यस कृषि तथा पशु सेवा शाखाको सम्पर्क नं ९८६२९७७६५४, ९८६४७२०६७०, ९८४४५५४००२ ९८४२५४०७३९ मा सम्पर्क राख्नुहोला। )**

दुर्गा बहादुर राई

नि. प्रमुख प्रशासकीय अधिकृत